# बेनी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

## नगरसभाबाट पारित मिति २०७५/०३/१३

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

२०७५

# बेनी नगरपालिकाको आर्थिक ऐन २०७५

**नगरसभाबाट पारित मिति २०७५/०३/१३**

**प्रस्तावनाः**

बेनीनगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि बेनी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः**नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तबरले वहालमा दिएकोमा बहाल रकममा १० प्रतिशतल घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः**नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**ः नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**ः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर**ः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुट**ः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

### सम्पति कर

| सि.नं. | विवरण | मुल्य रु. | कैफियत |
|---|---|---|---|
| १ | रु.१० लाख सम्मका घर जग्गाहरु | रु.२०० | |
| २ | रु. १० लाख१ देखि रु.२० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु.२५ | |
| ३ | रु. २० लाख१ देखि रु.४० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु.३० | |
| ४ | रु. ४० लाख१ देखि रु.८० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु.३५ | |
| ५ | रु. ८० लाख१ देखि रु.१ करोड ५० लाख सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु.३७ | |
| ६ | रु.१करोड ५० लाख १ देखि रु.२ करोड ५० लाख सम्मका घर जग्गाहरु(प्रतिलाख) | रु.४० | |
| ७ | रु. २ करोड ५० लाख १ देखि रु.४ करोड सम्मका घर जग्गाहरु (प्रतिलाख) | रु.४३ | |
| ८ | रु.४ करोड १ देखि माथी प्रतिलाख | रु.४५ | |

**सम्पत्ती कर असुल गर्दा घर टहराको संरचना तर्फको मुल्यांकन**

| सि.नं. | विवरण | मुल्य प्रति स्क्वायर फिट | ह्रास कटी दर प्रति बर्ष (प्रतिशतमा) |
|---|---|---|---|
| १ | आर सि सि भवन तर्फ | रु.२००० | २ |
| २ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | रु.१५०० | २ |
| ३ | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | रु.६०० | ३ |
| ४ | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना सेड वा कच्ची घर | रु.५०० | ४ |

अनुसुचि २

दफा ३ संग सम्बन्धित

मालपोत ( भुमिकर)

**बक्यौता असुलीको हकमामात्र**

पाँच रोपनी सम्मको न्युनतम रु २० र त्यस पछिको सबै जग्गामा प्रति रोपनी रु ५।- थप लगाउने र गत आर्थिक वर्षको बक्यौता रकममा १० प्रतिशत र सो भन्दा अघिल्ला आर्थिक वर्षहरुको हकमा २० प्रतिशत जरिवाना असुल गर्ने

अनुसुचि ३

(दफा ५ संग सम्बन्धित)

व्यवसाय करः-

| सि.न. | | व्यवशायको नाम तथा किसिम | आ.व.०७५।०७६ को प्रस्तावित दर |
|---|---|---|---|
| १ | | **व्यापारीक वस्तु** | |
| | १.१ | डिलर सिप सबै प्रकारका | १०००–२४०० |
| | १.२ | डिपार्टमेन्टल स्टोर्स | १५००–२००० |
| | १.३ | सवारी साधन विक्रेता | १०००० |
| | १.४ | साईकल विक्रेता | १००० |
| | १.५ | मोटर साईकल विक्रेता | ३००० |
| | १.६ | निर्माण सामाग्री कम्प्युटर, विद्युत सामान क्यामेरा,टेलिभिजन, रेडीयो कार्पेट पेट्रोलियम पदार्थ | ५००–२००० |
| | १.७ | हार्ड वयर पसल सबै प्रकारका | २०००–५००० |
| | १.८ | दैनिक उपभोग्य सामान | ५००–१००० |
| | १.९ | दैनिक उपभोग्य सामानको थोक विक्रेता | १०००–२००० |
| | १.१० | किराना पसल (खुद्रा) | ८०० |
| | १.११ | फलफुल तथा तरकारी पसल | ५००–१००० |
| | १.१२ | सुती उनी, नाइलन कपडा पसल | १०००–१५०० |
| | १.१३ | फेन्सी पसल सबै प्रकारका | १०००–२००० |
| | १.१४ | सुन पसल– उच्च, मध्यम र सानो | ५०००, ३००० र २००० |
| २ | | निर्माण व्यवशाय (नगरपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी) | |
| | २.१ | क वर्ग | ५२०० |
| | २.२ | ख वर्ग | ४२०० |
| | २.३ | ग वर्ग | ३२०० |
| | २.४ | घ वर्ग | २५०० |
| ३ | | **उत्पादन मुलक उद्योग** | |
| | ३.१ | आल्मुनीयमउद्योग | २५०० |
| | ३.२ | मैनवत्ति उद्योग | ४०० |

| | | | |
|---|---|---|---|
| | ३.३ | कापी उद्योग | २००० |
| | ३.४ | चाउमिन उद्योग | ८०० |
| | ३.५ | मिनरल वाटर | २५०० |
| ४ | | **कृषि तथा वन जन्य उद्योग** | |
| | ४.१ | खनिज जन्य उद्योग (ढुगा उद्योग ) | ५००० |
| | ४.२ | क्रसर उद्योग | ३०००० |
| | ४.३ | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | २२०० |
| | ४.४ | कुटानी पिसानी मिल | १००० |
| | ४.५ | फर्निचर उद्योग | १०००-३००० |
| | ४.६ | पशु दाना उद्योग | १८०० |
| | ४.७ | पोल्ट्री फर्म उच्च | २३०० |
| | ४.८ | पोल्ट्री फर्म सानो | १५०० |
| | ४.९ | बंगुर पालन | १५००-३००० |
| | ४.१० | भैंसी, गाई, बाखा पालन व्यवशाय | १००० |
| | ४.११ | स-मिल | ३००० |
| ५ | | **पर्यटन उद्योग** | ५००० |
| | ५.१ | होटेल मध्यम | २००० |
| | ५.२ | होटेल सानो | १००० |
| | ५.३ | अन्य स-साना चिया खाजा तथा खाना पसल | ८०० |
| | ५.४ | रेष्टुरेष्ट एण्ड वार | २००० |
| | ५.५ | लज भै डिष्ट्रीलरी सामान बेच्ने | ४००० |
| | ५.६ | गजल रेष्टुरेण्ट (दोहोरीसांझ समेत) | ४००० |
| ६ | | **सेवा उद्योग** | |
| | ६.१ | अफसेट प्रेस | २५०० |
| | ६.२ | लेटर प्रेस | १३०० |
| | ६.३ | चलचित्र भिडियो | १००० |
| | ६.४ | सार्वजनिक परिवहन सेवा (नगरपालिका भित्र प्रधान कार्यालय भएको) | २००० |
| | ६.५ | सार्वजनिक परिवहन सेवा (नगरपालिका भित्र शाखा कार्यालय भएको) | १६०० |
| | ६.६ | फोटोग्राफी | १००० |
| | ६.७ | प्रयोग शाला | १००० |
| ७ | | **निर्माण उद्योग** | |
| | ७.१ | सिमेन्ट ब्लक उद्योग | १५०० |
| | ७.२ | मेटल / ग्रिल उद्योग | १५००-२५०० |
| | ७.३ | इट्टा उद्योग (चिम्नी भट्टा ) | ३५०० |
| | ७.४ | इट्टा उद्योग (साधारण भट्टा) | १०००-३००० |

| | | | |
|---|---|---|---|
| | ७.५ | अन्य उद्योग | १३०० |
| ८ | | **संचार सेवा** | |
| | ८.१ | नेपाल टेलीकम | १००० |
| | ८.२ | एन सि. एल | १००० |
| | ८.३ | निजी मोवाईल सेवा केन्द्र | १००० |
| | ८.४ | निजी टेलिफोन तथा फ्याक्ससेवा | १००० |
| | ८.५ | फ्याक्स फोटोकपी तथा प्रिण्टर सेवा | १००० |
| | ८.६ | मोवाइल फोन विक्री मर्मत | १५०० |
| | ८.७ | कुरियर सेवा | ५०० |
| | ८.८ | साईवर सेवा | १२०० |
| | ८.९ | Screen Print छपाई तथा प्रकाशन | १५०० |
| ९ | | **वित्तिय सेवा** | |
| | ९.१ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | १०००० |
| | ९.२ | वित्तिय कम्पनीको शाखा कार्यालय | १०००० |
| | ९.३ | विमा कम्पनी | ६००० |
| | ९.४ | विदेशी मुद्रा सटही | २००० |
| | ९.५ | मनी ट्रान्सफर | ३००० |
| | ९.६ | धितो पत्र कारोवार | २००० |
| | ९.७ | सहकारी संस्था | १५०० |
| | ९.८ | निजि क्षेत्रका वाणिज्य बैंकहरु | १०००० |
| | ९.९ | निजि क्षेत्र समेतको स्वामित्वमा रहेका वैकका शाखा कार्यालयहरु | १०००० |
| | ९.१० | विमा कम्पनिका शाखा वा सम्पर्क कार्यालयहरु | ६००० |
| १० | | **स्वास्थ्य सेवा** | |
| | १०.१ | गैह्र सरकारी अस्पताल | २५०० |
| | १०.२ | सामुदायिक अस्पताल | २००० |
| | १०.३ | नीजिस्तरका अस्पताल तथा रिसर्च प्रा.लि.समेत | २५०० |
| | १०.४ | नर्सिङ होम | ३००० |
| | १०.५ | ल्याव तथा क्लिनिक | १५०० |
| | १०.६ | होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | १००० |
| | १०.७ | औषधी पसल थोक ( जनस्वास्थ्य) | २५०० |
| | १०.८ | औषधी पसल खुद्रा ,, | १५०० |
| | १०.९ | औषधी पसल (आर्युवेदिक) | १२०० |
| | १०.१० | औषधी पसल पशु स्वास्थ्य | १२०० |
| | १०.११ | पशु पंक्षी दाना पसल | १३०० |
| | १०.१२ | जडी बुटी पसल | ५५० |

| | | | |
|---|---|---|---|
| ११ | | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा** | १५०० |
| | ११.१ | चिकित्सक | १५०० |
| | ११.२ | दन्त चिकित्सक रिसर्च | १५०० |
| | ११.३ | पशु चिकित्सक | १००० |
| | ११.४ | कविराज | ७०० |
| | ११.५ | ईञ्जिनियर | १५०० |
| | ११.६ | कानुन व्यवसायी | १५०० |
| | ११.७ | लेखापरिक्षक | |
| | ११.८ | क वर्ग | १३०० |
| | ११.९ | ख वर्ग | ११०० |
| | ११.१० | ग वर्ग | ८०० |
| | ११.११ | घ वर्ग | ७०० |
| | ११.१२ | विमा एजेण्ट | १००० |
| | ११.१३ | सर्भेयर | १००० |
| | ११.१४ | अनुवादक | ७०० |
| | ११.१५ | नोटरी पव्लीक सेवा | ७०० |
| | ११.१६ | अनुसन्धान कर्ता तथा परामर्शदाता भाषा अनुवादक समेत | १००० |
| | ११.१७ | कम्प्युटर एनालिष्ट तथा प्रोगग्रामर | १००० |
| | ११.१८ | शेयर दलाल | १००० |
| | ११.१९ | सामान ढुवानी कर्ता कम्पनि | १६०० |
| | ११.२० | संस्थागत पेण्टर | ५२०० |
| १२ | | **शिक्षा सेवा** | |
| | १२.१ | नीजि क्षेत्रका क्याम्पस र १०+२ | ६००० |
| | १२.२ | नीजि क्षेत्रका मा.वि. स्कुल | ५००० |
| | १२.३ | नीजि क्षेत्रका नि.मा.वि. स्कुल | ४००० |
| | १२.४ | नीजि क्षेत्रका प्रा.वि. स्कुल | ३००० |
| | १२.५ | नीजि क्षेत्रका पुर्व प्रा.वि स्कूल | २००० |
| | १२.६ | निजि क्षेत्रका होस्टेलहरु | १००० |
| | १२.७ | तालिम तथा अनुसन्धान केन्द्र, | १५०० |
| | १२.८ | प्राविधिक शिक्षालय | ३००० |
| | १२.९ | टाइपिङ तथा कम्प्युटर | १५०० |
| | १२.१० | प्रशिक्षण केन्द्र( भाषा र ट्युशन तथा कोचिङ सेन्टर समेत) | १५०० |
| १३ | | **मर्मत संभार केन्द्र** | |
| | १३.१ | हेभी इक्युवमेन्ट मर्मत केन्द्र | ३००० |
| | १३.२ | बस, ट्रक, कार | ३००० |
| | १३.३ | मोटर साइकल | २००० |

| | | | |
|---|---|---|---|
| | १३.४ | साइकल तथा अन्य सामान मर्मत(प्रेसर कुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत) | ८०० |
| | १३.५ | रेडियो तथा टि.भी. मर्मत केन्द्र | १४०० |
| | १३.६ | रेडियो तथा घडी मर्मत केन्द्र | ११०० |
| | १३.७ | घडी मर्मत | ८०० |
| १३ | १३.८ | कम्पयुटर, बिजुलीका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल | २४०० |
| | १३.९ | फोटोकपी कम्प्यूटर विक्री तथा मर्मत | २५०० |
| | १३.१० | अन्य इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स मर्मत | १४०० |
| १४ | | **अन्य सेवा** | |
| | १४.१ | विज्ञापन एजेन्सी | ९०० |
| | १४.२ | बैदेशिक रोजगार सेवा | १५०० |
| | १४.३ | स्वदेशी रोजगार सेवा | ५०० |
| | १४.४ | हाउजिङ कम्पनी तथा घर | २५०० |
| | १४.५ | जग्गा खरिद विक्री (रियलस्टेट) | ५००० |
| | १४.६ | ब्युटी पार्लर, केश श्रृगार | १००० |
| | १४.७ | ड्राइ क्लिनर्स | ७०० |
| | १४.८ | फोटो स्टुडीयो | १००० |
| | १४.९ | साइनवोर्ड पेन्टीङ सेवा | ८०० |
| | १४.१० | पशु वधशाला | ३००० |
| | १४.१२ | माशु विक्रेता सबै प्रकारका ( कुखुरा, खशी, बोका, रांगा, बंगुर, माछा) | १००० |
| | १४.१३ | टेलर्स (कपडा सहितको) | २००० |
| | १४.१४ | सिलाई केन्द्र २ भन्दा बढी मेसिन (टेलर्स) | १००० |
| | १४.१५ | सिलाई प्रशिक्षण केन्द्र | १००० |
| | १४.१६ | कवाडी | २००० |
| १५ | | **माथिको वर्गिकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोवारहरु** | |
| | १५.१ | कपडा जुत्ता पसल | १५०० |
| | १५.२ | छाला जुत्ता पसल उच्च | २००० |
| | १५.३ | छाला जुत्ता पसल साधारण | १५०० |
| | १५.४ | छाला जुत्ता निर्माण तथा मर्मत केन्द्र | १००० |
| | १५.५ | भांडा पसल उच्च | २५०० |
| | १५.६ | भांडा पसल मध्यम | १५०० |
| | १५.७ | भाडा पसल साधारण | १००० |
| | १५.८ | चुरा पसल टंकीमा राखेको | ६५० |
| | १५.९ | चुरा पसल | ८०० |
| | १५.१० | काठ तथा स्टिल फर्निचर पसल | २००० |

| | | | |
|---|---|---|---|
| | १५.११ | चस्मा पसल | १००० |
| | १५.१२ | मेशीनरी पार्ट पुर्जा पसल | २५०० |
| | १५.१३ | हजाम पसल | १००० |
| | १५.१४ | ड्राइभिङ इन्स्टीच्युट | २५०० |
| | १५.१५ | पान पसल | ६५० |
| | १५.१६ | डिजिटल कलर ल्याब | ३५०० |
| | १५.१७ | डिजिटल कलर ल्याब मिडियम | २५०० |
| | १५.१८ | ल्फेक्स, प्रिन्टर सेवा | १५०० |
| | १५.१९ | कलर ल्याब | १००० |
| | १५.२० | अडियो तथा भिडीयो  क्यासेट सेण्टर | १००० |
| | १५.२१ | दुग्धडेरी, सहकारी संघ | १३०० |
| | १५.२२ | दुग्धडेरी | १००० |
| | १५.२३ | दुग्ध चिस्यान केन्द्र | २५०० |
| | १५.२४ | स्यानीटरी सामानको पसल | १५०० |
| | १५.२५ | प्लाष्टीक मेच कुर्ची तथा  प्लाष्टीक  जन्य सामाग्री पसल | १००० |
| | १५.२६ | ग्यांस सिलिण्डर विक्रेता | १००० |
| | १५.२७ | कोर्ल्ड ड्रिङस् पसल | ९०० |
| | १५.२८ | ऊनी पसल | ९०० |
| | १५.२९ | होजियारी उद्योग उच्च | १४०० |
| | १५.३० | होजियारी उद्योग मध्यम | ९०० |
| | १५.३१ | होजियारी उद्योग साधारण | ७०० |
| | १५.३२ | कस्टमेटीक पसल उच्च | २५०० |
| | १५.३३ | कस्टमेटीक पसल मध्यम | १५०० |
| | १५.३४ | कस्टमेटीक पसल साधारण | १००० |
| | १५.३५ | स्टेशनरी होलसेल | ३००० |
| | १५.३६ | स्टेशनरी | १५०० |
| | १५.३७ | पत्र पत्रिका पसल | ९०० |
| | १५.३८ | चिया पसल | ६५० |
| | १५.३९ | मिठाई पसल (मिष्ठान भण्डार) | १५०० |
| | १५.४० | मःम रेष्टुरां | ११०० |
| | १५.४१ | भोजनालय | १५०० |
| | १५.४२ | पाउरोटी दालमोट, मसला,  मैन बत्ति जस्ता घरेलु उद्योग | १००० |
| | १५.४३ | कन्सल्टेन्सी एवं परामर्श सेवा | १४०० |
| | १५.४४ | मेन पावर कं. शाखा कार्यालय | २५०० |
| | १५.४५ | कृषि फलफुल तथा वन नर्सरी व्यवसाय | ८०० |
| | १५.४६ | कृषि बिउ बिजन भण्डार | ९०० |

| | | | |
|---|---|---|---|
| | **१५.४७** | केवल लाइन प्रसारण | ३५०० |
| | **१५.४८** | एफ. एम. रेडियो प्रसारण(सामुदायिक समेत) | २५०० |
| | **१५.४९** | पुल हाउस (इस्नुकर) | ९०० |
| | **१५.५०** | ट्रान्सपोर्ट सेवा | ११०० |
| | **१५.५१** | ठेका भाडा  माटाका भाडा मादलडाला नाङला पसल | ८०० |
| | **१५.५२** | दाना तथा आलु प्याज थोक विक्रि पसल | १५०० |
| | **१५.५३** | सोलार पावर सप्लायर | २००० |
| | **१५.५४** | खेलौना तथा उपहार सामग्री पसल | १००० |
| | **१५.५५** | चस्मा मर्मत तथा विक्रि केन्द्र | १००० |
| | **१५.५६** | मदिराजन्य पसल | २००० |
| | **१५.५७** | पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | ८०० |
| | **१५.५८** | जडिवुटि पसल | ८०० |
| | **१५.५९** | पाँच वा सोभन्दा वढि व्यवशाय रहेको प्रा.लि. | ५००० |
| | **१५.६०** | अन्य विभिन्न प्रकारका प्रा.लि. | ३५०० |
| | **१५.६१** | दुईदेखि ४ वटा व्यवशाय रहेको प्रा.लि. | ३५०० |
| | **१५.५२** | फ्याक्स तथा प्रिण्टर सेवा | १५०० |
| | **१५.६३** | पाटी प्यालेस | २५०० |
| | **१५.६४** | अन्य पसल | ८०० |

पुनश्चः उपरोक्तानुसारको संशोधित व्यवस्था  आ.व. ०७५/०७६ देखि लागु हुने छ र माथी उल्लेखित विभिन्न व्यवसायहरुको नगरपालिकामा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर वापत रु.१५०. थप लाग्नेछ ।

## अनुसुचि ४

(दफा ६ संग सम्बन्धित)

## कवाडी मालसामानमा लाग्ने कर

| qm=;+= | gfd | k|lts]HfL b/ |
|---|---|---|
| १ | k|fs[lts tyf s[ltd pgsf ^'qmf ufd{]G^sf] sk*fsf] ^'qmf, ^fo/ ^o'j yf]qf] l^g / k'/fgf] *\d sfuh, | ? 1/- |
| 2 | h'^ / Knfl:^ssf af]/f sfk{]^का ^'qmf kf]lnlyg kfOk ;d]t, wft'sf ^'qmfx?,kq' eO{ sfdgnfUg] ePsf wft'sf;fdfgx?, kmnfd nufPtsf d]lzg/L cf}hf/ ;मेत, l;;f-ln*_ sf] w'nf] jf sfrsf] w'nf] / ^'qmf vfnL af]^n l;;f hGo व:t'x? | ? 2/- |
| 3 | प्रचलित कानूनले निषेधित गरेबाहेकका मरेका वा मारिएका पशूका<br>क)हाड सिंग खूरप्रति के.जी.<br>ख) छाला (ठुलो / सानो) प्रति गोटा | रु १/-<br>रु ४०/- |

## अनुसुचि ५

(दफा ७ संग सम्बन्धित)

## बार्षिक सवारी साधन कर

| सि.न | सवारी साधन किसिम | आ.व.०७५/०७६ को प्रस्तावित दर |
|---|---|---|
| १ | बस ट्रक लहरी र अन्य हेभी गाडी | १२०० |
| २ | भाडाका कार जीप भ्यान र ट्याक्टर | ३०० |
| ३ | भाडाका टेम्पो पावर टेलर | २०० |
| ४ | भाडाका मिनीबस , मिनीट्रक | ७०० |
| ५ | नीजि, कार तथा टेम्पो, मिनी बस, ट्रक | २०० |
| ६ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी | १५० |
| ७ | ठेला गाडा तथा रिक्सा | २५ |
| ८ | दर्ता तथा संचालन इजाजत दस्तुर न.पा.मा ठेला रेक्सा टांगा दर्ता गरी नम्बर दिए वापत | ५० |

## अनुसुचि ६

## (दफा ८ संग सम्बन्धित)

**विज्ञापन कर**

नगर क्षेत्र भित्र राखिने विभिन्न व्यापारीक विज्ञापन बोर्डहरुमा  विज्ञापन करको दर देहाय अनुसार लगाउने ।

| सि.नं. | विवरण | चालु आ.व. ०७५ /०७६ का लागि प्रस्तावित | |
|---|---|---|---|
| | | नीजि स्थल | सार्वजनिक स्थल |
| १ | बजारको छेउछाउमा प्रति बर्ग फिट | २०.०० | ५०.०० |
| २ | सहायक मार्गमा प्रति बर्ग फिट | १५.०० | ४०.०० |

३. व्यवसायिक व्यानर प्रति हप्ता रु. ५०।००

४ ) माथि वर्गिकरण गरिए वमोजिम प्रचार वोर्ड राख्न स्विकृति दिंदा वोर्ड राख्न खोजिएको स्थल सार्वजनिक भएमा वा सडक मापदण्ड भित्र पर्ने भएमा सार्वजनिक र सो जग्गा नीजि भएमा वा सडक मापदण्ड भित्र नपर्ने भएमा नीजि मानी सोहि वमोजिम कर दस्तुर लगाईनेछ ।

## अनुसुचि ७

## दफा ९ संग सम्बन्धित

**मनोरञ्जन कर :**

| सि.नं. | **मनोरञ्जनका साधन** | **आ.व.०७५।०७६को प्रस्तावित दर** |
|---|---|---|
| १ | सिनेमा हल, भिडीयो हल, सांस्कृतिक प्रदर्शन स्थल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २.५ प्रतिशत |
| २ | जादु सर्कस, चटक आदीमा प्रतिदिन | ५००.०० |
| ३ | व्यवसायिक भिडियो कर (प्रति भिडियो) | २५०.०० |

## अनुसुचि ८
## (दफा १० संग सम्बन्धित)
**बहाल बिटौरी शुल्क**

**पटके बजार तथा हाट बजार शुल्क**

| सि.नं. | व्यवशाय | २०७५ /०७६ को प्रस्तावित दर |
|---|---|---|
| १ | फेन्सी कपडा, प्रति पसल | ४५०.०० |
| २ | ठेका भांडा प्रति पसल | ३००.०० |
| ३ | माटोको भांडा प्रति पसल | १००.०० |
| ४ | प्रोभिजनल (डिपार्टमेन्ट) प्रति पसल | २५०.०० |
| ५ | मादल प्रति पसल | २००.०० |
| ६ | औजार भांडा प्रति पसल | १२५.०० |
| ७ | सुन चांदी प्रति पसल | ५००.०० |
| ८ | चिया नास्ता प्रति पसल | १५०.०० |
| ९ | डाला नाङला, चुरापोते , जडिवुटि पसल प्रति पसल | २००.०० |
| १० | जिरामसला पसल | ४००.०० |
| ११ | अन्य पसल हेरेर | १०० देखि ३०० |

न.पा. क्षेत्र भित्र विक्री वितरणको लागि ल्याउने र घुम्ति पसल राख्ने देहायका व्यवसायका लागि निम्नानुसारका दरले पटके व्यवसाय कर लगाउने ।

१) भैसी, रांगा खसी, बोका प्रति गोटा प्रति पटक रु २५।००

२) हांस कुखुरा (चल्ला बाहेक) प्रति गोटा प्रति पटक रु १।००

३) घुम्ति व्यवसाय (फेन्सी) १००।००

४) घुम्ति व्यवसाय (अन्य) रु १००।००

५) नगरपालिका क्षेत्र का सार्बजनिक स्थलमा नगरपालिका बाट व्यबसाय संचालन का लागी स्विकृत प्रदान भएका स्थान हरुमा जग्गा भाडा मा दिन न्युनतम रु ३०० देखी अधिकतम १२५० प्रति हात मासिक भाडदर कायम गरी लगाउने ।

# अनुसुचि ९

## (दफा ११ संग सम्बन्धित)

## शुल्क तथा दस्तुर

**क.सेवा शुल्क**

**१ ) सम्पत्तीको मुल्यांकन शुल्क :** नगरपालिका क्षेत्रमा बसोवास गर्ने कर दाताले आफ्नो सम्पत्तीको मुल्यांकन तथा आयश्रोत प्रमाणित गर्दा प्रति हजार रु १ रुपैयाका दरले सेवा शुल्क लिईने छ ।

**२) ब्यक्तिगत घटना दर्ताशुल्क :** ब्यक्तिगत घटना दर्ता ऐन २०३३ र नियमावली २०३४ बमोजिम ब्यक्तिगत घटना दर्तागर्दा देहाय बमोजिमको शुल्क लगाउने ।

| | |
|---|---|
| १. जन्म दर्ता | रु ५०।०० |
| २. मृत्यु दर्ता | रु १००।०० |
| ३ . विवाह दर्ता | रु २००।०० |
| ४. वसाई सरि आउने | रु ३००।०० |
| ५. वसाई सरि जाने | रु २००।०० |
| ६. प्रतिलिपि (सबै घटनाको) | रु १००।०० |
| ७. सम्बन्ध विच्छेद | रु ३००।०० |

**(पुनश्चः उल्लेखित घटना दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै शुल्क लाग्ने छैन ।)**

**३) छाडा पशु पक्षी नियन्त्रण**

१.गाई, गोरु, सुँगुर तथा बुँगुर तथा बाखाको प्रति दिन प्रति गोटा रु. १००।००

२.हास कुखुरा प्रति दिन प्रति गोटा रु. १०।००

**४) पार्किङ्ग शल्क प्रति दिन :**

१. नीजि तथा भाडाका ट्रक, बस रु ४०।-

२. नीजि तथा भाडाका मिनि बस ट्रक रु ३०।-

३. नीजि तथा भाडाका ट्याक्टर ट्याम्पो जिप, ट्याक्सी आदी रु २५।-

**५) सरसफाई शुल्क :** नगरको फोहोर संकलनको सुविधा पुगेका स्थानमा रु १०० देखि रु ३००। सम्म फोहेर व्यवस्थापन शुल्क लगाईने ।

## ख) दस्तुर

**१.नक्सापास दस्तुर :** न.पा. क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरुको लागि निम्नानुसारको नक्सापास दस्तुर वापत लाग्नेछ ।

१. नक्सापास निवेदन फारामको रु १५०।- एक सय पचास रुपैया ।

२. भुंई तला र पहिलो तलामा प्रति वर्ग फिट रु ५।- पाँच ।

३. दोस्रो तलामा प्रति वर्ग फिट रु ६।- छ ।

४. तेस्रो र चौथो तलामा प्रति वर्ग फिट रु ८।- आठ ।

५. बजार क्षेत्रमा निर्माण हुने पर्खालको प्रति वर्ग फिट रु०।५० पचास पैसा ।

६. अस्थायी छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पेश गर्नु पर्ने साथै ५०० वर्ग फिटसम्मका छाप्रोको लागि निर्माण दस्तुर रु १०००।( एक हजार)ल लगाउने र ५०० बर्ग फिट भन्दा बढी वर्ग फिट भएका छाप्रोको बढी हुन आउने प्रति वर्ग फिट रु २.०० (दुई) रुपैयाका दरले लिने । कुनै कित्तामा एक भन्दा बढी छाप्रो बनाउनु पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ ।

७. नगर क्षेत्रका ग्रामीण ईलाकामा ढुंगा माटो, वा इट्टा, माटोको जोडाईमा निर्माण हुने घरहरुको हकमा पनि नगरपालिकाको अस्थाई निर्माण इजाजत लिनु पर्ने व्यवस्था गरि देहाय बमोजिमको निर्माण दस्तुर लाग्नेछ ।

(क) वेनी बजारको किनारमा बन्ने घरहरुको रु ५००।- पाँच सय ।

(ख) अन्य ग्रामिण सडक किनारामा वन्ने घरहरुको रु ५००।-पाँच सय मात्र ।

(ग) अन्य क्षेत्रमा बन्ने घरहरुको रु २००।-दुई सय

८. पक्की घर निर्माण ईजाजत दिदा प्लिन्थ एरिया १००० वर्ग फिट सम्म भएको घरमा ५,०००।-, सो भन्दा माथीको क्षेत्रफल भएको घरमा रु १०,०००।- र अस्थाई छाप्रो निर्माण ईजाजत दिंदा रु २,०००।- धरौटी स्वरुप लिईने छ । नक्सापास ईजाजतका लागि निवेदन दर्तासंगै सो वापतको नक्सापास दस्तुर र धरौटी रकम वुझाउनु पर्नेछ । त्यस्तो धरौटी रकम, निर्माण कार्य सम्पन्न भएपछि निर्माण कार्यवाट उत्पन्न फोहोरको सरसफाई वापत २५ प्रतिशतले हुने रकम कट्टा गरी वांकी रकम फिर्ता गरिने छ ।

९.अन्य कर दस्तुर सोहि आ.व मा नवुझाउने करदाताहरुलाई गत वर्षको हकमा करको दरमा १० प्रतिशत र सो भन्दा अगाडीका वर्षहरुको हकमा करको दरमा एकमुष्ट २० प्रतिशत जरिवाना लाग्नेछ ।

## ग) शिफारिस दस्तुर

| सि. नं. | सिफारिसको विवरण | आ.व.०७५/०७६ को प्रस्तावित दर |
|---|---|---|
| १ | बंशजको नागरिकता सिफारिस (निवेदन दस्तुर रु ५०सहित) | १००.०० |

| | | |
|---|---|---|
| २ | जन्मको आधारमा गरिने नागरिकता सिफारिस ,, ,, | १००.०० |
| ३ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | ३०० |
| ४ | नागरिकताको प्रतिलिपि सिफारिस | २५० |
| ५ | नागरिकताको संशोधन सिफारिस | २५० |
| ६ | नाता प्रमाणित (निवेदन दस्तुर सहित) | २५०.०० |
| ७ | विद्युत सिफारिस | २५०.०० |
| ८ | विद्युत सिफारिस (थ्रिफेज) | ५००.०० |
| ९ | नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस | २५०.०० |
| १० | जन्म मिति प्रमाणित | ३००.०० |
| ११ | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | २५०.०० |
| १२ | नाम थर जन्ममिति संसोधन सिफारिस | २५०.०० |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५००.०० |
| १४ | सम्बन्ध विच्छेद भएको सिफारिश | ३००.०० |
| १५ | घर जग्गा रोक्का फुकुवा सिफारिस | ३००.०० |
| १६ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ३००.०० |
| १७ | हकवाला संरक्षण सिफारिस | ३००.०० |
| १८ | अविवाहित प्रमाणिकरण सिफारिस | ५००.०० |
| १९ | नक्कल प्रमाणित दस्तुर (मालपोत रसिद समेत ) | ५०.०० |
| २० | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | १००.०० |
| २१ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २५०.०० |
| २२ | घरनक्सा नामसारी | ५००.०० |

| | | |
|---|---|---|
| २३ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | १०००.०० |
| २४ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | ५००.०० |
| २५ | नीजि क्षेत्रका रुख कटान सिफारिस | २५०.०० |
| २६ | मिलापत्र दस्तुर | ३००.०० |
| २७ | नावालक परिचयपत्र सिफारिस | ५००.०० |
| २८ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | २५०.०० |
| २९ | कर किलियर सिफारिस नेपाली | ५००.०० |
| ३० | पारिवारिक विवरण | ३००.०० |
| ३१ | खानेपानी सम्वन्धि सिफारिस | २५०.०० |
| ३२ | उद्योग सिफारिस | |
| | (क) साना | ५५०.०० |
| | (ख) मझौला | १,१००.०० |
| | (ग) ठूला | १,६००.०० |
| ३३ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | |
| | (क) पुर्व प्रा.वि. | १५००.०० |
| | (ख) प्रा.वि. | १८००.०० |
| | (ग) नि.मा.वि. | २२५०.०० |
| | (घ) मा.वि. | ४०००.०० |
| | (च) स्नातक तह | ४५००.०० |
| ३४ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | १०००.०० |
| ३५ | चारकिल्ला प्रमाणित | ५००.०० |

| | | |
|---|---|---|
| ३६ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | ३००.०० |
| ३७ | बजार क्षेत्रका घरबाटो सिफारिस | ५००.०० |
| ३८ | संस्था दर्ता सिफारिस | ५००.०० |
| ३९ | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी सिफारिस सुचना जारी गनुपर्ने | १०००.०० |
| ४० | भवन निर्माण अनुमती प्रतिलिपी | ३०००.०० |
| ४१ | नक्शा प्रमाणित | ३०००.०० |
| ४२ | ब्यावसाय दर्ता सिफारिश | ३००-८०० |
| ४३ | मुचुल्का प्रमाणित | ३००.०० |
| ४४ | न्यायिक समिति समक्ष पेश गर्ने उजुरी निबेदन<br><br>घर निर्माण रोक्का सम्बन्धी उजुरी<br><br>यस विवरणमा नपरेका बाहेका सिफारिस प्रकृति हेरी | २५०<br><br>२५०<br><br>३००-५००.०० |

नोटः-नगर क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचय-पत्र सम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्वन्धि सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरुमा सिफारिस दस्तुर छुट दिईनेछ ।